'समानो मन्त्रः समितिः समानी'

# UNIVERSITY OF NORTH BENGAL

B.A. Honours Part-II Examination, 2022

## NEPALI

## PAPER-IV

## कथा र भाषा विज्ञान

Time Allotted: 4 Hours Full Marks: 100

*The figures in the margin indicate full marks.*

1. तलका कुनै दुईवटा प्रश्नका उत्तर लेख्नुहोस् – 16×2 = 32

(क) कथाकार इन्द्रबहादुर राईका कथागत प्रवृत्तिको परिचय दिँदै उनको पाठ्यकथा 'त्यसरी बाँचेको छ, त्यसरी नै' कथाको विश्लेषणात्मक अध्ययन प्रस्तुत गर्नुहोस्।

(ख) रमेश विकलका कथाकारिताको चर्चा गर्दै उनको 'लाहुरी भैंसी' कथामा पाइने सामाजिक-आर्थिक पक्षको विश्लेषणात्मक मूल्याङ्कन गर्नुहोस्।

(ग) कथाकार माया ठकुरीका कथागत विशेषताहरू उल्लेख गर्दै उनको 'गमलाको फूल' शीर्षक कथाको विवेचनात्मक मूल्याङ्कन गर्नुहोस्।

2. तलका कुनै दुईवटा प्रश्नका उत्तर लेख्नुहोस् – 16×2 = 32

(क) संसारका भाषाहरूको वर्गीकरणका आधारहरूबारे सविस्तार चर्चा गर्दै द्रविड़ भाषा परिवारबारे विस्तृत लेख प्रस्तुत गर्नुहोस्।

(ख) पारिवारिक वर्गीकरणको अर्थ स्पष्ट पार्दै भारोपेली भाषा परिवारका विशेषताहरू उल्लेख गर्नुहोस्।

(ग) अर्थ विज्ञान भन्नाले के बुझिन्छ ? अर्थ परिवर्त्तनका कारण र दिशाहरू केलाउनुहोस्।

3. तलका कुनै एउटा विषयमा समीक्षात्मक टिप्पणी लेख्नुहोस् – 10

(क) 'भाँडो' कथामा मनोद्वन्द्व।

(ख) 'छैलाभरि पानी' कथाको सामाजिक सन्दर्भ।

4. तलका कुनै एउटा विषयमा समीक्षात्मक टिप्पणी लेख्नुहोस् – 10

(क) भाषाको प्रकृति र विशेषता

(ख) योगात्मक भाषाका प्रकारहरू।

5. निम्नलिखित <u>आठ</u> प्रश्नहरूका उत्तर तीनदेखि पाँच वाक्यभित्र लेख्नुहोस् – 2×8 = 16

(क) 'प्रेम' कथाको शीर्षक सार्थक छ वा छैन स्पष्ट पार्नुहोस्।

(ख) पशुहरूको बस्ती कथाको प्रतीकात्मक अर्थ स्पष्ट पार्नुहोस्।

(ग) खण्डीय ध्वनि भन्नाले के बुझिन्छ ?

(घ) संयुक्त वाक्य भनेको के हो ? उदाहरणसहित लेख्नुहोस्।

(ङ) 'ढिकी' कथामा ढिकी कुन कुराको प्रतीक हो।

(च) अयोगात्मक भाषा भन्नाले के बुझिन्छ ?

(छ) वाक्यको सोदाहरण परिभाषा लेख्नुहोस्।

(ज) प्रतिनिधि पात्र भन्नाले के बुझिन्छ ?

(झ) दन्त्य ध्वनि केलाई भनिन्छ ? उदाहरणसहित लेख्नुहोस्।

(ञ) भाषिक ध्वनि भन्नाले के बुझिन्छ ?

——×——